# राहदानी सेवा सम्बन्धी जरुरी सूचना

राहदानी विभागले द्रुतसेवा अन्तरगत ७ दिनमा राहदानी दिने व्यवस्था रहेकोमा गत कार्तिक देखि ५ दिनमा दिने व्यवस्था गरिएको थियो । यहि आषाढ १९ देखि साविककै १०,००० राजस्व लिई ३ दिनमा नै राहदानी दिने व्यवस्था गरिएको छ ।

साथै, नयां व्यवस्था अनुसार आवेदन पेशगरेकै दिनमा १५००० र आवेदन दिएको दोस्रो दिनमा १२००० बुझाई राहदानी लिन सकिनेछ ।

जिल्ला प्रशासन कार्यालय तथा ईलाका प्रशासन कार्यालय एवं नेपाली राजदूतावास तथा महावाणिज्यदूतावास मार्फत पेश हुने आवेदन फारामहरु राहदानी विभागमा प्राप्त भएको २४ घण्टाभित्रै राहदानी तयार गरी पठाउने व्यवस्था गरिएको छ ।

सेवाग्राहीको सहजतालाई मध्यनजर गर्दै आवेदकले आफै कम्प्युटरबाट फाराम भरी विभागमा पठाउन सक्ने गरी पूर्व फाराम दर्ता प्रणाली (Pre -Enrollment System) पनि समेत लागू गरिएको छ । अव देखि राहदानी विभागबाट सेवा लिन चाहने व्यक्तिहरुले फाराम भर्ने तथा छुट्टै फोटो खिच्नु पर्ने छैन । अनलाइन फाराम भरी वारकोड लिने तथा नागरिकताको सक्कल तथा सोको आधिकारिकता प्रमाणित गरी जिल्ला प्रशासन कार्यालयले दिएको सिफारिश पत्र लिई सिधै राहदानी विभाग आउन सकिनेछ । अनलाइन फाराम भर्नको लागि विभागको वेभसाइट www.nepalpassport.gov.np मा लग-इन गर्न सकिनेछ ।

राहदानी विभागले शुरु गरेको यस किसिमका व्यवस्थापकीय, प्रविधिगत एवं प्रक्रियागत सुधारहरुबाट राहदानी सेवा अति सहज, सरल तथा छिटोछरितो हुने विश्वास लिइएको छ ।

२०७३।०३।१९